"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा "

# सिरीजङ्घा राजपत्र

## सिरीजङ्घा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड २) ताप्लेजुङ, प्रदेश नम्वर १, नेपाल, भाद्र २४ गते २०७७ साल (संख्या १४

## भाग २

सिरीजङ्घा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

सिरीजङ्घा गाँउपालिकाको गाँउ कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशित गरीएको छ ।

सम्वत् २०७७ सालको ऐन / नियमावली / निर्देशिका / कार्यविधि / मापदण्ड नं. १४

# अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

प्रमाणीकरण मिति : २०७७।०५।२२

**प्रस्तावनाः** जनसहभागिता परिचालन मार्फत सञ्चालन गरिने आयोजनामा हेभी प्रकृतिका मेशिनको प्रयोगलाई क्रमशः निरुत्साहित गर्दै त्यस्ता मेशिनको प्रयोगबाट स्थानीय वातावरणमा हुन सक्ने भुक्षय तथा पहिरो जस्ता नकरात्मक असरलाई न्युनीकरण गर्न त्यस्ता आयोजना निर्माणमा स्थानीय श्रम, सीप तथा सामाग्रीको अधिकतम प्रयोग गरी दिगो विकासको अवधारणालाई प्रवर्द्धन गर्न एवम् त्यस्ता आयोजनाबाटै स्थानीयस्तरमा रोजगारीको अवसर सिर्जना गरी गाउँपालिका क्षेत्रभित्रको गरिवी क्रमशः न्युनीकरण समेत गर्ने ध्येयले सिरीजङ्घा गाउँपालिकाको नियमित गाउँ सभा अधिवेशन (सातौं) द्वारा पारित "**अध्यक्ष रोजगार कार्यक्रम**" लाई गाउँपालिका क्षेत्रभित्र व्यवस्थित र पारदर्शी तवरले कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

सिरीजङ्घा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सिरीजङ्घा गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि सिरीजङ्घा राजपत्रमा प्रकाशन भएपछि सिरीजङ्घा गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

२. **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–**

(क) "आयोजना" भन्नाले कार्यालयबाट सम्झौता गरी गाउँपालिकाको सम्बन्धित वडाभित्र सञ्चालन गरिने दश लाख रुपैंयाभन्दा मुनि लागत अनुमान भएका पुर्वाधारजन्य आयोजनालाई सम्झनुपर्छ।

(ख) "हेभी प्रकृतिका मेशिन" भन्नाले संघीय सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उल्लेखित लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिष्ट्रिब्युटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशिनलाई सम्झनुपर्छ।

(ग) "कार्यक्रम" भन्नाले सिरीजङ्घा गाउँपालिकाको नियमित गाउँ सभा अधिवेशन (सातौं) द्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्बर (२०) मा उल्लिखित अध्यक्ष रोजगार कार्यक्रम सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोकलाई सम्झनुपर्छ र, सो शब्दले सिरीजङ्घा गाउँपालिका मातहतका सम्बन्धित वडा कार्यालयलाई समेत सम्झनुपर्छ।

(ङ) "कार्यपालिका" भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(च) "कार्यविधि" भन्नाले अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ लाई सम्झनुपर्छ।

(छ) "पुर्वाधार विकास शाखा" भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोकको पुर्वाधार विकास शाखालाई सम्झनुपर्छ।

(ज) "रोजगार सेवा केन्द्र" भन्नाले सिरीजङ्घा गाउँपालिकाको रोजगार सेवा केन्द्रलाई सम्झनुपर्छ।

(झ) "टोल" भन्नाले सिरीजङ्घा गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी ऐन, २०७६ बमोजिम गठित टोललाई सम्झनुपर्छ।

(ञ) "लाभग्राही" भन्नाले कार्यक्रमभित्र पर्ने आयोजनामा सहभागिता जनाउन इच्छुक देहायमा उल्लिखित प्राथमिकताक्रमका व्यक्तिलाई सम्झनुपर्छः

(१) प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रोजगार सेवा केन्द्रमा सुचीकृत आयोजना सञ्चालन हुने वडाका वडाबासी,

(२) उपखण्ड (१) मा सुचीकृत बाहेक आयोजना सञ्चालन हुने वडाका इच्छुक वडाबासी,

(३) प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रोजगार सेवा केन्द्रमा सुचीकृत अन्य वडाका वडाबासी,,

(४) उपखण्ड (३) मा सुचीकृत बाहेक अन्य वडाका इच्छुक वडाबासी,

(५) अन्य स्थानीय तहबासी।

(ट) "गाउँपालिका" भन्नाले सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङलाई सम्झनुपर्छ।

(ठ) "टोल विकास संस्था" भन्नाले सिरीजङ्घा गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी ऐन, २०७६ बमोजिम गाउँपालिका क्षेत्रभित्र गठित टोल विकास संस्थालाई सम्झनुपर्छ।

(ड) "वडा" भन्नाले सिरीजङ्घा गाउँपालिका मातहतका कुनैपनि वडालाई सम्झनुपर्छ।

(ढ) "पुर्वाधार विकास शाखा" भन्नाले कार्यालयको पुर्वाधार विकास शाखालाई सम्झनुपर्छ।

(ण) "योजना तथा अनुगमन शाखा" भन्नाले कार्यालयको योजना तथा अनुगमन शाखालाई सम्झनुपर्छ।

(त) "राजस्व तथा आर्थिक प्रशासन शाखा" भन्नाले कार्यालयको राजस्व तथा आर्थिक प्रशासन शाखालाई सम्झनुपर्छ।

(थ) "सभा" भन्नाले सिरीजङ्घा गाउँपालिकाको गाउँ सभा अधिवेशनलाई सम्झनुपर्छ।

३. <u>पुर्वाधार विकास शाखाले आयोजनाको लागत अनुमान तयार गर्नु पर्नेः</u> (१) पुर्वाधार विकास शाखाले गाउँपालिकाको वडाभित्र सञ्चालन हुने गरी स्वीकृत आयोजनाको लागत अनुमानको तयारी देहाय बमोजिम गर्नु पर्नेछः

(क) आयोजना सञ्चालन गर्दा हेभी प्रकृतिका मेशिनको प्रयोग गर्नु पर्ने वा नपर्ने विषयमा यकिन गर्न सम्बन्धित वडाका वडा अध्यक्षको रोहवरमा आयोजनास्थलको सर्भे गर्नु पर्ने,

(ख) आयोजना सञ्चालन गर्दा हेभी प्रकृतिको मेशिनको प्रयोग गर्नै पर्ने अवस्था आउने भएमा उक्त विषयको पुर्व जानकारी सम्बन्धित वडाका वडा अध्यक्षलाई दिने,

(ग) आयोजनाको कम्तीमा पचास प्रतिशत काममा स्थानीय श्रम, सीप र सामाग्री मात्र प्रयोग गर्दै लाभग्राहीको कम्तीमा बीस प्रतिशत जन/लागत सहभागिताको अंश स्पष्ट देखिने गरी लागत अनुमान तयारी गर्ने,

(घ) दुई दशमलव पाँच प्रतिशत रकम कार्यालयबाट र दुई दशमलव पाँच प्रतिशत रकम सम्बन्धित टोल विकास संस्थाबाट आयोजनाको काममा खर्च लेख्ने गरी बढीमा पाँच प्रतिशत रकम कन्टिन्जेन्सी वापत् कट्टी गर्ने गरी प्रचलित नर्म्स बमोजिम आयोजनाको लागत अनुमान तयार गरी स्वीकृतीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,

(२) उपदफा (१) बमोजिम पुर्वाधार विकास शाखाबाट तयार भई स्वीकृतीका लागि पेश हुन आएको आयोजनाको लागत अनुमानमा कार्यक्रमको आशय अनुकूल आयोजनाको लागत अनुमान तयार भए/नभएको यकीन गरी प्रमुख प्रशासकीय अधिकृतले उक्त आयोजनाको लागत अनुमान स्वीकृत गरी दिनु पर्नेछ।

४. <u>योजना तथा अनुगमन शाखाले आयोजना सम्झौताको प्रकृया अघि बढाउनु पर्नेः</u> (१) दफा ३ को उपदफा (२) बमोजिम आयोजनाको लागत अनुमान स्वीकृत भएपछि योजना तथा अनुगमन शाखाले आयोजनासँग सम्बन्धित सम्पूर्ण विवरण सफ्टवेयरमा अद्यावधिक गर्नु पर्नेछ।

(२) आयोजनासँग सम्बन्धित सम्पूर्ण विवरण सफ्टवेयरमा अद्यावधिक भए पश्चात् योजना तथा अनुगमन शाखाले आयोजनासँग सम्बन्धित लागत अनुमान, रोजगार सेवा केन्द्रमा सुचीकृत वेरोजगार व्यक्तिहरुको विवरण लगायतका सम्पूर्ण कागजात सम्झौताका लागि सम्बन्धित वडा कार्यालयमा पठाई दिनु पर्नेछ।

५. <u>वडा कार्यालयले आयोजना सम्झौताको लागि सम्बन्धित टोल विकास संस्थालाई पत्राचार गर्नु पर्नेः</u> (१) योजना तथा अनुगमन शाखाबाट आयोजनाको स्वीकृत लागत अनुमान र सोसँग सम्बन्धित सम्पूर्ण कागजात प्राप्त भईसके पश्चात् सम्बन्धित वडाले सम्बन्धित टोलको टोल विकास संस्थालाई आयोजना सम्झौता गर्न आउनु भनी पत्राचार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वडा कार्यालयको पत्रमा उल्लेख गरिएको समयावधिभित्र सम्बन्धित वडामा गई सम्बन्धित टोलको टोल विकास संस्थाले आयोजना सम्झौता गरी सक्नु पर्नेछ।

६. <u>लाभग्राही लक्षित सूचना टोल विकास संस्थाले प्रकाशन गर्नु पर्नेः</u> टोल विकास संस्थाले आयोजनाको स्वीकृत लागत अनुमानमा खुलाइएको आयोजना निर्माणमा प्रयोग एवम् खपत हुने स्थानीय श्रमिकको संख्या, सीप तथा सामाग्रीको स्पष्ट विवरण खुल्ने गरी अनुसूची १ बमोजिमको ढाँचामा लाभग्राही लक्षित सूचना प्रकाशन गर्नु पर्नेछ।

७. <u>आयोजनामा काम गर्न चाहने इच्छुक लाभग्राहीले सम्बन्धित टोल विकास संस्थामा आवेदन गर्नु पर्नेः</u> टोल विकास संस्थाबाट प्रकाशित अनुसूची १ बमोजिमको ढाँचामा प्रकाशित सूचना अनुसार आयोजनामा काम गर्न चाहने इच्छुक लाभग्राहीहरुले अनुसूची २ बमोजिमको ढाँचामा सम्बन्धित टोल विकास संस्थामा आवेदन गर्नु पर्नेछ।

८. <u>आयोजनामा काम गर्न चाहने योग्य लाभग्राहीहरुको छनोट टोल विकास संस्थाले गर्नु पर्नेः</u> (१) टोल विकास संस्थाले आयोजनाको लागत अनुमानमा उल्लिखित श्रमिकको संख्या, आयोजना सम्पन्न गरी सक्नु पर्ने अवधि र आयोजनामा काम गर्न इच्छुक भई संस्थामा आवदेन गर्ने लाभग्राहीको संख्या समेतलाई विश्लेषण गरी उपयुक्त संख्याका लाभग्राहीको छनोट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छनोट गरिएका लाभग्राहीहरुको विवरण टोल विकास संस्थाले सार्वजनिक गर्नु पर्नेछ।

९. <u>सम्झौता बमोजिमको आयोजनाको काम टोल विकास संस्थाले प्रारम्भ गर्नु पर्नेः</u> (१) देहायमा उल्लिखित प्रावधानको पालना गरी सम्झौता बमोजिमको आयोजनाको काम टोल विकास संस्थाले प्रारम्भ गर्नु पर्नेछः

(क) आयोजनामा काम गर्ने गरी छनोट भएका लाभग्राहीहरुको म.ले.प.फाराम.नं. बमोजिमको डोर हाजिर फाराम भरी/भराई काममा लगाउने,

(ख) खण्ड (क) बमोजिमका लाभग्राहीहरुलाई दैनिक ८ घण्टा आयोजनाको काममा परिचालन गर्ने, र

(ग) कार्यालयले तोकेको अन्य आवश्यक प्रावधान।

१०. <u>आयोजनासँग सम्बन्धित निर्देशनको अनिवार्य पालना गर्नु पर्नेः</u> यस कार्यविधि बमोजिम सञ्चालन गरिने आयोजनाका सम्बन्धमा गाउँपालिकाका अध्यक्ष वा गाउँपालिकाका उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृत

वा सम्बन्धित वडाका वडा अध्यक्ष वा पुर्वाधार विकास शाखाका प्राविधिक कर्मचारीले दिएको निर्देशनको अनिवार्य पालना गर्नु/गराउनु सम्बन्धित टोल विकास संस्था वा सो संस्थाका पदाधिकारी वा आयोजनामा काम गर्ने गरी छनोट भएका लाभग्राहीहरुको कर्तव्य हुनेछ।

११. <u>आयोजना सञ्चालन गर्दा टोल विकास संस्थाले अपनाउनु पर्ने अन्य कार्यविधिः</u> यस कार्यविधि बमोजिम आयोजना सञ्चालन गर्दा सम्बन्धित टोल विकास संस्थाले सिरीजङ्घा गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी ऐन, २०७६ मा उल्लिखित देहाय बमोजिमका अनुसूचीमा भएको व्यवस्थाको अक्षरशः पालाना गर्नु पर्नेछः

(क) अनुसूची ३ मा व्यवस्था भएको आयोजनाको सार्वजनिक परीक्षण,

(ख) अनुसूची ४ मा व्यवस्था भएको खर्च सूचना फाराम,

(ग) अनुसूची ५ मा व्यवस्था भएको आयोजना सूचना टाँस,

(घ) अनुसूची ६ मा व्यवस्था भएको भौतिक तथा वित्तिय प्रगती प्रतिवेदन,

(ङ) कार्यालयले तोकेको अन्य विवरण।

१२. <u>आयोजनाको अनुगमन, कार्यसम्पन्न प्रतिवेदन तयारी र भुक्तानीको सिफारिस सम्बन्धी व्यवस्थाः</u> (१) सम्झौता बमोजिम आयोजनाको काम सम्पन्न भएपछि टोल विकास संस्थाले आयोजनाको अनुगमन गरी दिन एवम् कार्यसम्पन्न प्रतिवेदन बनाइ दिन सम्बन्धित वडा समक्ष अनुरोध गर्नु पर्नेछ।

(२) पुर्वाधार विकास शाखाको प्राविधिक कर्मचारी सहितको अनुगमन समिति मार्फत आयोजनाको अनुगमन तथा मूल्यांकन गरी/गराई सोको प्रतिवेदन सम्बन्धित वडाले योजना तथा अनुगमन शाखामा पठाई दिनु पर्नेछ।

(३) सम्झौता बमोजिमको कार्य सम्पन्न भएको देखिएमा सम्बन्धित वडाका वडा अध्यक्षले रकम भुक्तानीको सिफारिस पत्र योजना तथा अनुगमन शाखामा पठाई दिनु पर्नेछ।

(४) पुर्वाधार विकास शाखाको कार्यसम्पन्न प्रतिवेदन र नापी किताब, अनुगमन समितिको प्रतिवेदन र सम्बन्धित वडाका वडा अध्यक्षको रकम भुक्तानीको सिफारिस पत्र प्राप्त भए पश्चात् योजना तथा अनुगमन शाखाले उक्त आयोजनाको सम्पूर्ण विवरण सफ्टवेयरमा प्रविष्ट गरी भुक्तानीको सिफारिस सहित राजस्व तथा आर्थिक प्रशासन शाखामा पठाउनु पर्नेछ।

१३. <u>आयोजनाको कार्यसम्पन्न प्रतिवेदन बमोजिमको रकम निकासा गरी दिनु पर्नेः</u> दफा १२ को उपदफा (४) बमोजिम आयोजनाको अन्तिम भुक्तानीका लागि प्राप्त सम्पूर्ण कागजातहरुको जाँचबुँझ गरी टोल विकास संस्थाले नियमानुसार पाउने रकम नेपाल बैंक लिमिटेड सिरीजङ्घा शाखामा रहेको सम्बन्धित टोल विकास संस्थाको बैंक खाता मार्फत निकासा गरी दिने व्यवस्था राजस्व तथा आर्थिक प्रशासन शाखाले मिलाउनु पर्नेछ।

१४. <u>लाभग्राहीले पाउनु पर्ने रकम टोल विकास संस्थाले भुक्तानी गर्नु पर्नेः</u> (१) यस कार्यविधिको दफा १३ बमोजिम आयोजना निर्माण वापतको रकम निकासा प्राप्त भए पश्चात् लाभग्राहीहरुको डोर हाजिरी बमोजिमको रकम सम्बन्धित टोल विकास संस्थाले आयोजनामा काम गर्ने लाभग्राहीहरुलाई भुक्तानी गरी दिनु पर्नेछ।

(२) टोल विकास संस्थाले उपदफा (१) बमोजिम भुक्तानी गरिएको रकमको एक प्रति भर्पाइ रोजगार सेवा केन्द्रमा समेत पठाउनु पर्नेछ।

१५. <u>कार्यक्रम कार्यान्वयन निर्देशक समितिः</u> (१) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने यस कार्यविधिको आशय अनुकूलको आयोजनालाई गाउँपालिका क्षेत्रभित्र कार्यान्वयनमा लैजान सम्पूर्ण नीतिगत व्यवस्था समेत गर्न गाउँपालिकामा देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन निर्देशक समिति रहनेछ।

| | |
|---|---|
| (क) गाउँपालिकाका अध्यक्ष | संयोजक, |
| (ख) गाउँपालिकाका उपाध्यक्ष | सदस्य, |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य, |
| (घ) गाउँपालिकाका अध्यक्षले तोकेको एकजना वडा अध्यक्ष | सदस्य, |
| (ङ) पूर्वाधार विकास शाखा प्रमुख | सदस्य, |
| (च) रोजगार संयोजक | सदस्य, |
| (छ) योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन निर्देशक समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ।

१६. <u>वाधा अड्काउ फुकाउन सकिनेः</u> (१) यस कार्यविधिमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयनमा कुनै द्विविधा वा वाधा अड्चन आइपरेमा कार्यक्रम कार्यान्वयन निर्देशक समितिले निर्णय गरी त्यस्तो द्विविधा वा वाधा अड्चन फुकाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम फुकाइएको वाधा वा अड्चनको जानकारी कार्यपालिकाको बैठकमा गराउनु पर्नेछ।

१७. <u>प्रचलित कानून बमोजिम हुने</u> : यस कार्यविधिमा लेखिए जति विषय यसै कार्यविधि बमोजिम तथा अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची १

**(कार्यविधिको दफा ६ सँग सम्बन्धित)**

**.................................. टोल विकास संस्था**

**........................... टोल, सिरीजङ्घा गाउँपालिका वडा नं. ......., .....................................**

मितिः २०  ।  ।

**विषयः <u>अध्यक्ष रोजगार कार्यक्रममा सहभागी हुन इच्छुक लाभग्राही लक्षित सूचना</u>।**

प्रस्तुत विषयमा चालु आर्थिक वर्षमा ...........नम्बर वडाको यस टोलभित्र कार्यान्वयन हुने देहायमा उल्लिखित आयोजना **सिरीजङ्घा गाउँपालिकाको अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७** बमोजिम कार्यान्वयन/सञ्चालन गर्ने भनी यस संस्थाले मिति २०७ ।  ।  मा ........................................... कार्यालय, ................................................ सँग आयोजना सम्झौता गरी सकेको छ। उक्त आयोजना देहायमा बमोजिम सञ्चालन गर्नुपर्ने भएकाले उक्त आयोजनामा काम गर्न चाहने इच्छुक लाभग्राही श्रमिकले यो सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्र उक्त कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचामा यस संस्थामा आवेदन गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**<u>देहाय</u>**

**आयोजनाको नामः**

| | |
|---|---|
| आयोजनाको कुल लागत अनुमान रकमः<br>गाउँपालिकाबाट विनियोजन हुने रकमः<br>जन/लागत सहभागिता वापत् व्यहोर्नु पर्ने रकमः | आयोजनामा खपत हुने कुल श्रमिकको संख्याः<br>मध्ये-<br>दक्ष श्रमिकको संख्याः<br>अर्ध दक्ष श्रमिकको संख्याः<br>अदक्ष श्रमिकको संख्याः |
| आयोजनामा प्रयोग हुने स्थानीय सामाग्री (ढुंगा, गिट्टी, काठ, बाँस जस्ता आदि सामाग्री) को परिमाणः | श्रमिकले दैनिक काम गर्नुपर्ने न्युनतम अवधिः ८ घण्टा |
| सम्झौता बमोजिम आयोजना सम्पन्न गरी सक्नु पर्ने अवधिः | आयोजनामा प्रयोग हुने हेभी प्रकृतिको मेशिनले गर्ने कामको परिमाणः (घन मिटरमा) |

**पुनश्चः** आयोजनाका लागि स्वीकृत लागत अनुमानमा उल्लेख गरिएको संख्या बमोजिमको श्रमिक छनोट गर्दा देहायमा उल्लिखित प्राथमिकताक्रमका लाभग्राही श्रमिकहरु क्रमशः छनोट गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छः

(क) प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रोजगार सेवा केन्द्र, तेल्लोकमा सुचीकृत यस वडाका वडाबासी,

(ख) खण्ड (क) देखी बाहेक यस वडाका इच्छुक अन्य वडाबासी,

(ग) प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रोजगार सेवा केन्द्रमा सुचीकृत अन्य वडाका वडाबासी,

(घ) खण्ड (ग) देखी बाहेक अन्य वडाका इच्छुक वडाबासी,

(ङ) अन्य स्थानीय तहबासी।

अनुसूची २

(कार्यविधिको दफा ७ सँग सम्बन्धित)

श्री ................................................टोल विकास संस्था, मितिः २०  ।  ।

.........................................टोल, .......नम्बर वडा, सिरीजङ्घा, ताप्लेजुङ।

**विषयः अध्यक्ष रोजगार कार्यक्रममा सहभागी हुन आवेदन गरेको।**

प्रस्तुत विषयमा तहाँ संस्थाबाट मिति २०  ।  ।  गते प्रकाशित सूचनाका बारेमा जानकारी भयो। उक्त सूचनाबाट उल्लेख गरिएको तहाँ टोलभित्र कार्यान्वयन हुने आयोजनामा दामासाहीका दरले मैले पनि २० (वीस) प्रतिशत लागत/जन सहभागिताको अंश व्यहोरी काम गर्न इच्छुक भई यो निवेदन गरेको छु। पुनश्चः सिरीजङ्घा गाउँ कार्यपालिकाद्वारा पारित अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को पूर्णरुपमा अवलम्बन गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु।

**देहाय**

| विवरण | विवरण |
|---|---|
| १. <u>कुनै एकमा गोलो चिनो लगाउनेः</u><br>यस आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि सिरीजङ्घा गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सुचीकृत-<br>(क) भएको छु।<br>(ख) भएको छैन। | २. <u>कुनै एकमा गोलो चिनो लगाउनेः</u><br>मैले सिक्न चाहेको सीप-<br>(क) स्वदेशमै रोजगारी गर्न सक्ने किसिमको होस्।<br>(ख) विदेशमा गई रोजगारी गर्न सक्ने किसिमको होस्। |
| ३. <u>कुनै एकमा गोलो चिनो लगाउनेः</u><br>मैले विगतदेखी गर्दै आएको पेशा-<br>(क) कृषि हो।<br>(ख) ज्याला मजदुरी हो।<br>(ग) आंशिक कृषि र आंशिक ज्याला मजदुरी हो। | ४. <u>कुनै एकमा गोलो चिनो लगाउनेः</u><br>मेरो स्वामित्वमा भएको जग्गाको उत्पादनले-<br>(क) ३ महिनासम्म मात्र खान पुग्छ।<br>(ख) ६ महिनासम्म मात्र खान पुग्छ।<br>(ग) वर्षै दिन खान पुग्छ। |
| ५. <u>कुनै एकमा गोलो चिनो लगाउनेः</u><br>मेरो आम्दानीले छोराछोरीलाई विद्यालय पठाउन-<br>(क) पुगेको छ।<br>(ख) पुगेको छैन।<br>(ग) धौ/धौ परेको छ। | ६. <u>कुनै एकमा गोलो चिनो लगाउनेः</u><br>मेरो आम्दानीले म र मेरो परिवारका सदस्य सामान्य विरामी परेका वखत उपचार गर्न-<br>(क) पुगेको छ।<br>(ख) पुगेको छैन।<br>(ग) धौ/धौ परेको छ। |
| ७. <u>कुनै एकमा गोलो चिनो लगाउनेः</u><br>आयोजना सम्पन्न भए पश्चात् त्यसको रेखदेख र मर्मतसम्भारमा-<br>(क) निरन्तर लागि पर्नेछु।<br>(ख) लागि पर्ने छैन। | ८. <u>कुनै एकमा गोलो चिनो लगाउनेः</u><br>गाउँपालिकाबाट सञ्चालन हुने सानातिना विकास निर्माण सम्बन्धी आयोजनामा-<br>(क) स्थानीयबासीलाई रोजगारी दिने व्यवस्था मिलाए राम्रो हुन्थ्यो। |

| | |
|---|---|
| | (ख) डोजर/एक्साभेटर जस्ता हेभी प्रकृतिका मेशिन प्रयोग गरी सञ्चालन गरे राम्रो हुन्थ्यो। |
| ९. <u>कुनै एकमा गोलो चिन्ह लगाउनेः</u><br>यस आयोजनामा काम गरेपछि पाउने ज्याला वापतको रकमको-<br>(क) पुरै हिस्सा छाक टार्नमै खर्चिन्छु। (ग) केही हिस्सा छाक टार्न र केही हिस्सा बचतमा प्रयोग गर्छु।<br>(ख) केही हिस्सा छाक टार्न र केही हिस्सा मदिरामा खर्चिन्छु। | |

निवेदकको नाम,थरः
ठेगानाः
सम्पर्क नम्बरः
हस्ताक्षरः

आज्ञाले,
श्री सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत
सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ ।